# कृष्ण धराबासीका उपन्यासमा अधिआख्यान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तृतीय सत्रको
नवौँ र दसौं पत्र (६०९ र ६१०) को
प्रयोजनार्थ प्रस्तुत

## शोधप्रबन्ध

प्रस्तुतकर्ता


**जीवन कुमार श्रेष्ठ**
नेपाली दर्शनाचार्य तह
त्रिभुवन विश्वविद्यालय

२०६९

कृष्ण धराबासीका उपन्यासमा अधिआख्यान - जीवन कुमार श्रेष्ठ २०६९

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहका छात्र श्री जीवन कुमार श्रेष्ठले **कृष्ण धराबासीका उपन्यासमा अधिआख्यान** शीर्षकको प्रस्तुत शोध प्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोध प्रक्रियाको अनुशासन भित्र रही शोध्य विषयका अपेक्षा अनुरूप सामग्री सङ्कलन, विश्लेषण र गहन अध्ययन गरी मिहिनेतपूर्वक तयार पारिएको उहाँको यस शोध प्रबन्धसँग म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९-०८-०६

................................

**प्रा. डा. देवीप्रसाद गौतम**

शोध निर्देशक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य शिक्षण कार्यक्रमको नवौँ पत्रको प्रयोजनार्थ जीवनकुमार श्रेष्ठद्वारा प्रस्तुत **कृष्ण धराबासीका उपन्यासमा अधिआख्यान** शीर्षकको शोध प्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध प्रबन्ध मूल्याङ्कन समिति**

१. प्रा. डा. देवीप्रसाद गौतम ....................
(शोध निर्देशक तथा विभागीय प्रमुख)

२. सह-प्रा. डा. ताराकान्त पाण्डेय ....................
(आन्तरिक परीक्षक)

३. प्रा. डा. दयाराम श्रेष्ठ ......................
(बाह्य परीक्षक)

मिति : २०६९/०९/०७

# कृतज्ञता ज्ञापन

**कृष्ण धराबासीका उपन्यासमा अधिआख्यान** शीर्षकको प्रस्तुत शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु **प्रा. डा. देवीप्रसाद गौतम**ज्यूको निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयारीका सन्दर्भमा आफ्नो कार्य व्यस्तताका बिच पनि समय निकालेर प्रेमपूर्वक निर्देशन तथा विविध सल्लाह प्रदान गर्नु भएकोमा निर्देशक गुरुप्रति म हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु । **प्रा. डा. देवीप्रसाद गौतम** जस्ता विद्वान् एवं सुयोग्य गुरुका निर्देशनमा आफ्नो शोधकार्य पूरा गर्न पाएकोमा म गौरवान्वित छु

**अधिआख्यान**लाई आख्यान रचनाको नवीन पद्धति मानिन्छ । यसमा उत्तरआधुनिकवादको प्रभाव रहेको देखिन्छ । यसले परम्परागत मान्यतालाई अस्वीकार गर्दै आख्यान रचनामा लेखकको केन्द्रियतालाई भङ्ग गर्दछ । परम्परागत आख्यानमा लेखकले विभिन्न क्षेत्रबाट सङ्कलन गरेका घटनाहरूलाई समाख्यातामार्फत शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको हुन्छ । यसमा लेखक र पाठक आख्यानबाहिर तटस्थ रहने भए पनि लेखकले समाख्यातामार्फत पाठमा नियन्त्रण गरेको हुन्छ। यसमा घटना र पात्रहरू लेखककै मनस्थिति अनुसार सञ्चालित हुन्छन् । यसरी परम्परागत आख्यानमा लेखक केन्द्रमा हुन्छ तर अधिआख्यानमा लेखकको नियन्त्रणमा पात्र र पाठक रहेको हुँदैन । अधिआख्यानात्मक लेखनमा पात्र पाठभित्रै आउँछ र लेखकलाई चुनौती दिँदै स्वतन्त्र रूपमा आफ्नो भूमिका निभाउँछ । त्यसै गरी पाठक पनि पाठभित्र उपस्थित हुँदै घटनाहरूमाथि टिप्पणी गर्दछ र यसको गतिमा नियन्त्रण गर्दछ । यसरी अधिआख्यानात्मक लेखनमा पाठमा लेखकको एकाधिकार हुँदैन, घटनाको विकासमा पात्र र पाठकको पनि मह□वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासकार कृष्ण धराबासीका उपन्यासहरूमा पनि यस किसिमको प्रवृत्ति पाइन्छ । धराबासीका उपन्यासहरूमा अधिआख्यानात्मक लेखन शैलीको प्रयोग गरिएको हुनाले प्रस्तुत शोधमा अधिआख्यानात्मक दृष्टिबाट धराबासीका उपन्यासहरूको अध्ययन गर्ने उद्देश्य राखिएको छ । यस उद्देश्यको परिपूर्तिका लागि सामग्रीको सङ्कलन गरेर सैद्धान्तिक ढाँचा तयार पारी तथ्यको विश्लेषण सहित निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा मार्गनिर्देशन गर्नु हुने श्रद्धेय गुरुहरू प्रा. डा. वासुदेव त्रिपाठी, प्रा. ठाकुरप्रसाद पराजुली, प्रा. डा. दयाराम श्रेष्ठ, प्रा. राजेन्द्र सुवेदी, प्रा. डा. ब्रतराज आचार्य, प्रा. केशव सुवेदी, प्रा. डा. महादेव अवस्थी, सह प्रा. डा. ताराकान्त पाण्डेयप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोध कार्यको लागि योग्य सामग्रीका सर्जक उपन्यासकार कृष्ण धराबासीको अमूल्य सल्लाह, सुझाव र सहयोग तथा विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउनु हुने आदरणीय व्यक्तित्व डा. वीरेन्द्र पाण्डे, प्रा. डा. सञ्जीव उप्रेती, प्रा. डा. गोविन्दराज भट्टराई, नेत्र एटम, कृष्ण सापकोटाका साथै मेरा सहपाठी साथीहरू र नेपाली दर्शनाचार्य शिक्षण कार्यक्रमका कर्मचारी मित्रहरूको अमूल्य सहयोगका लागि म कृतज्ञ छु । यसका साथै दशनार्च तहको अध्ययनका लागि उत्प्रेरित गर्ने, यसको शीर्षक छनौटदेखि सामग्री सङ्कलन, शोधकार्यको तयारी, विश्लेषण, टङ्कन लगायतका सम्पूर्ण कार्यमा हरेक समय साथ दिने सहपाठी तथा मेरी जीवनसँगिनी अम्बिका अर्यालप्रति पनि कृतज्ञ छु ।

अन्त्यमा प्रस्तुत अध्ययन पत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य शिक्षण कार्यक्रम समक्ष पेश गर्दछु ।

..........................

**जीवन कुमार श्रेष्ठ**
दर्शनाचार्य तेस्रो सत्र
क्रमाङ्क : १९
२०६९

# शोधसार


## १ विषय परिचय

उपन्यासकार कृष्ण धराबासीका उपन्यासमा अधिआख्यानात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । अधिआख्यान परम्परागत यथार्थवादी मान्यतालाई बहिष्कार गर्दै देखा परेको उपन्यास लेखनको नवीन शैली हो । यसले मानव जीवनको यथार्थलाई उपन्यासमा फरक ढङ्गले प्रस्तुत गर्दछ । यसले जीवनको बचाइलाई भ्रमको रूपमा लिन्छ । कुनै एक समयमा सत्य मानिएका कुराहरू अर्को समयमा सत्य नहुन पनि सक्छ भने कुनै वेला मान्छेको लागि काल्पनिक र असम्भव मानिएका कुराहरू अर्को समयका लागि यथार्थ र सम्भाव्य पनि हुन सक्छन् । त्यसैले मान्छे यथार्थ र कल्पनाको भ्रममा बाँचिरहेको हुन्छ भन्ने अधिआख्यानवादी चिन्तकहरूको मान्यता रहेको पाइन्छ । मानव समाजको यस प्रकारको भ्रमलाई उपन्यासमा प्रस्तुत गर्ने क्रममा अधिआख्यानले परम्परागत उपन्यास लेखनलाई अस्वीकार गर्दछ र नवीन प्रयोगतर्फ अग्रसर हुन्छ । यसले परम्परागत औपन्यासिक संरचनालाई भत्काउँछ र नयाँ संरचनामार्फत पाठकमा भ्रम सिर्जना गर्दछ । उपन्यासकार धराबासीका उपन्यासहरूमा पनि परम्पराभन्दा भिन्न किसिमका संरचनात्मक प्रयोगमार्फत अधिआख्यानको सिर्जना गरिएको पाइन्छ । यस शोध कार्यमा धराबासीका उपन्यासमा प्रयुक्त अधिआख्यानात्मक प्रयोगको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## २ समस्या कथन

प्रस्तुत शोधकार्यमा धराबासीका उपन्यासमा प्रयोग गरिएका अधिआख्यानात्मक शैली के-कस्तो रहेको छ भन्ने मूल जिज्ञासको प्राज्ञिक समाधानका लागि निम्नलिखित तिनवटा बुँदालाई समस्याका रूपमा प्रस्तुत गरी यसको प्रामाणिक खोजी र विश्लेषण गरिएको छ -

क) कृष्ण धराबासीका उपन्यासहरूमा तथ्य र कल्पनाको प्रयोग के-कसरी गरिएको छ ?

ख) कृष्ण धराबासीका उपन्यासहरूमा पाठभित्र लेखक र पाठकको उपस्थित के-कस्तो रहेको छ ?

ग) कृष्ण धराबासीका उपन्यासहरूमा प्रयुक्त अधिआख्यानात्मक प्रयोगले के-कस्तो औपन्यासिक मूल्यको सिर्जना गरेको छ ?

## ३ शोधको उद्देश्य

माथिका शोधका प्राज्ञिक समस्याहरूको प्रामाणिक समाधान हुने गरी निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ -

क) कृष्ण धराबासीका उपन्यासहरूमा गरिएको तथ्य र कल्पनाको विश्लेषण गर्नु

ख) कृष्ण धराबासीका उपन्यासहरूमा पाठभित्र गराइएको लेखक र पाठकको उपस्थितिको निर्क्यौल गर्नु

ग) कृष्ण धराबासीका उपन्यासहरूमा गरिएको अधिआख्यानात्मक प्रयोगबाट सिर्जित औपन्यासिक मूल्यको निरुपण गर्नु ।

यिनै बुँदाहरूमा केन्द्रित रही धराबासीका उपन्यासहरूमा प्रयुक्त अधिआख्यानात्मक प्रयोगको व्याख्या विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हो ।

## ४ शोधकार्यको सीमाङ्कन

उपन्यासकार कृष्ण धराबासीका **शरणार्थी, आधाबाटो, टुँडाल, तपाईं**, **राधा** र **पाण्डुलिपि** जस्ता औपन्यासिक विधाका कृतिहरू प्रकाशित भएका छन् । यी उपन्यासहरू मध्ये **आधाबाटो** र **पाण्डुलिपि**मा एउटै किसिमको लेखन शैली प्रयोग गरिएको हुनाले यसमा उनको पछिल्लो उपन्यास **पाण्डुलिपि**को विश्लेषण गरिएको छैन । यी उपन्यासहरूलाई विश्लेषण गर्नका लागि अधिआख्यानको सैद्धान्तिक स्थापनालाई अवलम्बन गरिएको छ । यस क्रममा अधिआख्यानका विविध मान्यताहरूमध्ये यस शोध कार्यमा धराबासीका उपन्यासमा पाइने तथ्य र कल्पनाको प्रयोग, लेखक र पाठकको उपन्यासभित्र उपस्थिति तथा नवीन संरचनात्मक प्रयोग जस्ता विशेषताका आधारमा मात्र विश्लेष्य कृतिहरूको विश्लेषण केन्द्रित रहेको छ । यही नै यस शोधकार्यको सीमाङ्कन हो ।

## ५ शोधविधि र सैद्धान्तिक आधार

यस अन्तर्गत प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अवलम्बन गरिएको सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधारलाई समावेश गरिएको छ ।

### ५.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका क्रममा पूर्वोक्त समस्या कथन र उद्देश्य कथनका साथै पूर्वकार्य समीक्षाका आधारमा अधिआख्यान सम्बन्धी मान्यता र समालोचनालाई मुख्य सैद्धान्तिक आधार तुल्याई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको प्रायोगिक कार्यका निम्ति आवश्यक सामग्रीको सङ्कलन पनि विश्लेष्य उपन्यासहरूको पठनबाट गरिएको छ । यस क्रममा धराबासीका **शरणार्थी, आधाबाटो, तपाईं**, **राधा** र **टुँडाल** उपन्यासका साथै अधिआख्यानात्मक सिद्धान्त एवम् प्रस्तुत उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूलाई शोध सामग्रीका रूपमा लिइएको छ ।

### ५.२ विश्लेषणको सैद्धान्तिक आधार

उपर्युक्त विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीहरूको वस्तुगत अध्ययन, विश्लेषण र सामान्यीकरणसमेत गरी शोध निष्कर्षसम्म पुग्नका लागि मूलतः धराबासीका उपन्यासमा प्रयुक्त अधिआख्यानात्मक परिसूचक, यावत् सन्दर्भहरूको टिपोट तथा तिनको वर्गीकरण र विश्लेषण गरी अधिआख्यानात्मक मान्यतालाई वस्तुनिष्ठ ढङ्गले उपयोग गरिएको छ । यस क्रममा तथ्य र कल्पनाको प्रयोग, लेखक र पाठकको उपन्यासभित्र उपस्थिति तथा नवीन संरचनात्मक प्रयोग जस्ता धराबासीका उपन्यासमा भएका अधिआख्यानात्मक प्रवृत्तिलाई समेट्न सक्ने सैद्धान्तिक बुँदाको स्थापना गरेर त्यसलाई विश्लेषण ढाँचाका रूपमा प्रयोग गरिएको छ ।

## ६ शोधकार्यको ढाँचा

प्रस्तुत शोधकार्यलाई मूलत : आमुख, मूल पाठ र सन्दर्भ सामग्रीसूची गरी तीन खण्डमा विभाजन गरी आवश्यकता अनुसार तिनलाई अनेक शीर्षक एवं उपशीर्षकहरूमा बाँडिएको छ । मूल पाठ अन्तर्गत रहेका छवटा परिच्छेद अन्तर्गतका मूल शीर्षकहरूमा क्रमशः पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा अधिआख्यानको सैद्धान्तिक स्थापना, तेस्रो परिच्छेदमा धराबासीका उपन्यासहरूमा गरिएको तथ्य र कल्पनाको प्रयोगको अध्ययन, चौथो परिच्छेदमा धराबासीका उपन्यासहरूमा लेखक र पाठकको

उपस्थितिको विश्लेषण, पाँचौं परिच्छेदमा धराबासीका उपन्यासको अधिआख्यानात्मक प्रयोग र औपन्यासिक मूल्य, छैटौं परिच्छेदमा उपसंहार तथा निष्कर्ष रहेका छन् ।

**७ शोधकार्यको निष्कर्ष**

१) प्रयोगात्मक उपन्यास लेखनको पछिल्लो प्रवृत्तिका रूपमा अधिआख्यानलाई लिइन्छ ।

२) दोस्रो विश्वयुद्धपछिको जटिल जीवन पद्धतिलाई आधुनिकतावादी यथार्थवादी लेखनले समग्र रूपमा प्रस्तुत गर्न असफल भएको हुनाले अधिआख्यानले नवीन लेखन शैलीमार्फत वर्तमान जीवनको समग्रतालाई समेट्ने प्रयास गरेको देखिन्छ । उत्तरआधुनिकतावादी चिन्तन सँगसँगै अधिआख्यानात्मक चिन्तनको पनि विकास भएको देखिन्छ ।

३) अधिआख्यानात्मक लेखनको परम्परा पुरानो भए पनि बिसौं शताब्दीको उत्तरार्धमा आएर मात्र यसको सैद्धान्तिक चिन्तनको आरम्भ भएको पाइन्छ । विलियम ग्यासले आरम्भ गरेको सैद्धान्तिक चिन्तनको विकासमा लिन्डा हचियन, पाट्रिसिया वा, मार्क क्युरी आदिको बोद्धिक योगदान उल्लेख्य रहेको छ ।

४) आजको जीवन बचाइ सत्य र असत्यको भ्रममा रुमलिएको देखिन्छ । यस प्रकारको भ्रमलाई साहित्यमा अभिव्यक्त गर्ने क्रममा विभिन्न पद्धति र जुक्तिहरूको प्रयोग गरिएको पाइन्छ । त्यसलाई अधिआख्यानात्मक लेखक पद्धति मानिन्छ ।

५) धराबासीका उपन्यासहरू अधिआख्यानात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

६) उनको **शरणार्थी** उपन्यासमा काल्पनिक पात्रलाई यथार्थ रूपमा र वास्तविक घटनालाई काल्पनिक रूपमा प्रस्तुत गरिएको छ । यसमा अधिआख्यानात्मक शैलीलाई लीला लेखन प्रस्तुत गर्ने साधनको रूपमा प्रयोग गरिएको देखिन्छ ।

७) उनको **आधाबाटो** उपन्यासमा लेखकको आफ्नै बिगतलाई आख्यानात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । यसमा औपन्यासिक नवीन शैलीमार्फत लेखकको जीवनको यथार्थतालाई प्रस्तुत गरिएको छ ।

८) धराबासीको **राधा** उपन्यासमा पौराणिक विषय र पात्रलाई यथार्थ स्वरूपमा प्रस्तुत गरिएको छ । यसमा उपन्यासकारको प्रेम र यौन सम्बन्धी विचारलाई अधिआख्यानात्मक शैलीमा अभिव्यक्त गरिएको पाइन्छ ।

९) धराबासीको **तपाईं**लाई अधिआख्यानात्मक प्रयोगका दृष्टिले सफल उपन्यास मानिन्छ । यसमा परम्परागत औपन्यासिक संरचनालाई भङ्ग गरिएको छ र नवीन संरचनामा उपन्यास सिर्जना गरिएको छ । यसमा अधिआख्यानात्मक प्रयोगलाई नै साध्यको रूपमा प्रयोग गरिएको देखिन्छ ।

१०) उनको **टुँडाल** उपन्यासमा यथार्थ र ऐतिहासिक घटनालाई काल्पनिक कथासँग मिसाएर प्रस्तुत गरिएको छ । यसमा अधिआख्यानात्मकता भन्दा औपन्यासिक मूल्यलाई बढी महत्त्व दिइएको देखिन्छ ।

११) समग्र रूपमा हेर्दा उपन्यासकार कृष्ण धराबासीका उपन्यासहरूमध्ये **शरणार्थी** र **राधा**मा अधिआख्यानात्मकता र औपन्यासिकता दुवैको सन्तुलित प्रयोग गरिएको पाइन्छ । उनका **आधाबाटो** र **तपाईं** उपन्यासमा औपन्यासिक सौन्दर्यभन्दा अधिआख्यानात्मक प्रयोगलाई बढी मह□व दिइएको पाइन्छ भने उनको **टुँडाल** उपन्यासमा नवीन अधिआख्यानात्मक प्रयोगभन्दा औपन्यासिक सौन्दर्यलाई मह□व दिइएको पाइन्छ । उनका उपन्यासहरूका स्तरलाई केलाउँदा अधिआख्यानात्मकतालाई साध्यको रूपमा भन्दा साधनको रूपमा प्रयोग गरिएका उपन्यासहरू बढी सफल देखिन्छ ।

# विषयसूची


**शीर्षक** **पृष्ठसङ्ख्या**

शोधनिर्देशकको सिफारिस क

स्वीकृति पत्र ख

कृतज्ञता ज्ञापन ग

शोधसार घ

**परिच्छेद एक : शोध परिचय**

१ विषय परिचय १

२ समस्या कथन २

३ उद्देश्य २

४ पूर्वकार्यको विवरण र समीक्षा ३

४.१ **शरणार्थी** उपन्याससँग सम्बन्धित पूर्वकार्य ३

४.२ **राधा** उपन्याससँग सम्बन्धित पूर्वकार्य ८

४.३ **टुँडाल** उपन्याससँग सम्बन्धित पूर्वकार्य ११

४.४ **तपाईं** उपन्याससँग सम्बन्धित पूर्वकार्य १३

४.५ **आधाबाटो** उपन्याससँग सम्बन्धित पूर्वकार्य १४

४.६ सैद्धान्तिक विषयमा आधारित पूर्वकार्य १६

४.७ निष्कर्ष १८

५ औचित्य, महत्त्व र उपयोगिता १८

६ क्षेत्र र सीमा १९

७ शोधविधि १९

७.१ सामग्री सङ्कलन विधि १९

७.२ विश्लेषण विधि र  ढाँचा १९

८ शोध प्रबन्धको रूपरेखा २०

**परिच्छेद दुई : अधिआख्यानको सैद्धान्तिक परिचय** **२२-५**

२.१ विषय प्रवेश २२

२.२ अर्थगत परिचय २२

२.३ उपन्यास लेखनको परम्परा २३

२.४ अधिआख्यानात्मक लेखनको प्राचीन इतिहास २४

२.४.१ प्रयोगात्मक उपन्यास २६

२.४.२ नुभउ रोमन (नयाँ उपन्यास) २६

२.५ अधिआख्यानको सैद्धान्तिक चिन्तनको विकास २७

२.६ अधिआख्यानको सैद्धान्तिक अवधारणा २९

२.६.१ अधिआख्यानात्मक दृष्टिकोण २९

२.६.२ अधिआख्यानको स्वरूप ३४

२.६.३ अधिआख्यानाको वर्गीकरण ३४

२.६.४ अधिआख्यानात्मक लेखन पद्धति ३७

२.६.५ समाख्यानात्मक सम्प्रेषण पद्धति ४१

२.७ आधुनिकता र अधिआख्यान ४२

२.८ उत्तरआधुनिकता र अधिआख्यान ४४

२.९ निष्कर्ष ४८

**परिच्छेद तिन : धराबासीको उपन्यासमा तथ्य र कल्पनाको प्रयोग** **५१-९०**

३.१ विषय प्रवेश ५१

३.२ **शरणार्थी** उपन्यासमा तथ्य र कल्पनाको प्रयोग ५१

३.२.१ कल्पनाको यथार्थ प्रस्तुति ५२

३.२.२ यथार्थको काल्पनिक प्रस्तुति ५६

३.३ **आधाबाटो** उपन्यासमा तथ्य र कल्पनाको प्रयोग ६३

३.३.१ 'आधाबाटो' उपन्यासमा प्रयुक्त तथ्यका सम्बन्धमा लेखकीय दृष्टि ६३

३.३.२ 'आधाबाटो' उपन्यासमा तथ्यको आख्यानीकरण ६४
३.४ **राधा** उपन्यासमा तथ्य र कल्पनाको प्रयोग ६८
३.४.१ कल्पनाको यथार्थ प्रस्तुति ६९
३.४.२ यथार्थको काल्पनिक प्रस्तुति ७५
३.५ **तपाईं** उपन्यासमा तथ्य र कल्पनाको प्रयोग ७७
३.५.१ कल्पनाको यथार्थ प्रस्तुति ७७
३.५.२ तथ्यको काल्पनिक प्रयोग ७८
३.६ **टुँडाल** उपन्यासमा तथ्य र कल्पनाको प्रयोग ८३
३.६.१ तथ्यको काल्पनिक प्रयोग ८३
३.६.२ कल्पनाको यथार्थ प्रस्तुति ८७
३.७ निष्कर्ष ८९
**परिच्छेद चार :धराबासीको उपन्यासमा लेखक र पाठकको उपस्थिति ९१-१११**
४.१ विषय प्रवेश ९१
४.२ धराबासीका उपन्यासमा लेखकको उपस्थिति ९१
४.२.१ **शरणार्थी** उपन्यासमा लेखकको उपस्थिति ९२
४.२.२ **आधाबाटो** उपन्यासमा लेखकको उपस्थिति ९६
४.२.३ **राधा** उपन्यासमा लेखकको उपस्थिति १००
४.२.४ **तपाईं** उपन्यासमा लेखकको उपस्थिति १०१
४.३ धराबासीको उपन्यासमा पाठकको उपस्थिति १०४
४.३.१ **राधा** उपन्यासमा पाठकको उपस्थिति १०४
४.३.२ **तपाईं** उपन्यासमा पाठकको उपस्थिति १०६
४.४ निष्कर्ष ११०
**परिच्छेद पाँच : धराबासीको उपन्यासमा अधिआख्यानात्मक प्रयोग र औपन्यासिक मूल्य ११२-१२७**

५.१ विषय प्रवेश ११२
५.२ अन्य कृतिका पात्रको प्रयोग र औपन्यासिक मूल्य ११२
५.२.१ **शरणार्थी**मा अन्य कृतिका पात्रको प्रयोग र औपन्यासिक मूल्य ११२
५.२.२ **राधा**मा अन्य कृतिका पात्रको प्रयोग र औपन्यासिक मूल्य ११६
५.३ वास्तविक तथा जीवित पात्रको प्रयोग र औपन्यासिक मूल्य ११८
५.३.१ **शरणार्थी**मा वास्तविक तथा जीवित पात्रको प्रयोग र औपन्यासिक मूल्य ११९
५.३.२ **आधाबाटो**मा वास्तविक तथा जीवित पात्रको प्रयोग र औपन्यासिक मूल्य १२०
५.४ संरचनात्मक नवीन प्रयोग र औपन्यासिक मूल्य १२१
५.४.१ **राधा** उपन्यासमा संरचनात्मक नवीन प्रयोग र औपन्यासिक मूल्य १२१
५.४.२ **तपाईं** उपन्यासमा संरचनात्मक नवीन प्रयोग र औपन्यासिक मूल्य १२२
५.५ निष्कर्ष १२६
**परिच्छेद छ - उपसंहार : सारांश तथा निष्कर्ष १२८-१३५**
६.१ विषय प्रवेश १२८
६.२ परिच्छेदगत सारांश र निष्कर्ष १२८
६.३ समग्र निष्कर्ष १३३
**सन्दर्भ सामग्रीसूची १३६-१४२**
**पारिभाषिक शब्दसूची १४३**

# पारिभाषिक शब्दसूची

| | |
|---|---|
| Antinovel | अउपन्यास |
| Covert | बन्द |
| Diegetic | कथनात्मक |
| Fabulation | कल्पनाख्यान |
| Fiction about fiction | आख्यानबारेको आख्यान |
| Introverted Novel | अन्तर्मुखी उपन्यास |
| Irony of fictionality | आख्यानात्मकताको व्यङ्ग्य |
| Irrealism | अयथार्थवाद |
| Linguistic | भाषिक |
| Metafiction | अधिआख्यान |
| Metamorphosis | अवस्था परिवर्तन |
| Metaphor | रूपक |
| Metaplasm | तन्तुको अप्राकृतिक परिवर्तन |
| Metasomatism | रसायनिक बनोटमा परिवर्तन |
| Metatheology | धर्मशास्त्रको अध्ययनभन्दा पर |
| Mise en abyme | ऐनाभित्र ऐना |
| Norm of no norm | आदर्श बिनाको आदर्श |
| Nouveau Roman | नयाँ उपन्यास |
| Overt | खुल्ला |
| Power of storytelling | कथाकथन सामर्थ्य |
| Self begetting Novel | आत्मोद्भव आख्यान |
| Self-conscious writing | आत्मसचेत लेखन |
| Surfiction | अतिआख्यान |
| Theoritical Fiction | सैद्धान्तिक आख्यान |